बालबालिकाका लागि बाइबल
को प्रस्तुती

# यषैयाले भविश्य देख्छ



लेखन: Edward Hughes
चित्र: Jonathan Hay
संयोजन: Mary-Anne S.
अनुवाद: Mrs. Trifaina Subba
प्रकाशक: Bible for Children
www.M1914.org

BFC
PO Box 3
Winnipeg, MB R3C 2G1
Canada

©2022 Bible for Children, Inc.
अनुमतिपत्र: यो कथा सित्तैँमा वितरण गर्नको निम्ति मात्र प्रतिलिपि गर्न वा छाप्न अनुमति दिइएको छ तर बिक्रीका लागि होइन।



यषैया एक अगमवक्ता थिए। तिनको काम परमप्रभुले के भने त्यही बताउने थियो। मानिसहरूले कहिल्यै पनि परमप्रभुको वचन सुन्न मान्थेन् तर यषैयाले त्यसलाई तल झर्न दिन्थेनन्। यषैयाले चार विभिन्न राजाहरूका षासनकालमा प्रचार गरे।




राजा उज्जियाहले यरूषलेम षहरको यहूदा भन्ने जगहमा राज्य गर्थे। षुरूमा, परमप्रभुको नजर के असल छ त्यही गरेको कारणले उज्जियाहले आषिश पाए। तर उज्जियाह घमण्डी भए अनि परमप्रभुको आज्ञा मान्न छोड़िदिए। तिनी कोरी भए अनि मृत्युसम्मै एकलै भए।
3


राजा उज्जियाहले 60 वर्श राज्य गरे। जब तिनी मरे तब तिनका छोरा योतामले 17 वर्श राज गरे। अरू अगमवक्ता अनि यषैयाद्वारा परमप्रभु बोल्नुभएको कारण राजा योतामले सुने अनि आषिश पाए।
ZZIAH
4


राजा योतामको छोरो आहाज जसले यरूषलेममा 16 वर्श राज्य गरे। आहाजले परमप्रभुको वास्ता गर्दैनथिए। तिनले मूर्तिहरूलाई अनि झूटा देवता-देवीहरूलाई पूज्दथे अनि परमप्रभुको मानिसहरूलाई पनि त्यसै गर भनी तिनले भन्थे। यद्यपि यषैयाले चेताउनी दिए पनि तिनले परमप्रभुको चेताउनीलाई सुनेनन्। तिनी मर्दा 35 वर्श पुगेका थिए।
5


परमप्रभुले अर्को राजा हिजकियालाई आषिश दिनुभयो किनकि तिनले सबै मूर्ति अनि झूटा अगमवक्तालाई हटाएर साँचो परमेष्वरलाई प्रार्थना गरे। जब षत्रुहरूले आक्रमण गरे तब तिनले आफ्नो सेनाहरूलाई लड़ाई जित्नको लागि कमजोर पाए। परमप्रभुसंग सहायताको लागि प्रार्थना गरिदिनुहोस् भनी यषैयालाई प्रार्थना गर्न लगाए।
6


यषैयाले यो खबर राजाकहाँ पठाए कि ‘‘यो चाहिँ परमप्रभुले भन्नुभयो कि यस षत्रुहरूसंग नडराऊ, म तिनीहरूलाई नाष गर्नेछु।’’ केही क्षणपछि परमप्रभुले लड़ाईविना नै सबै षत्रुहरूलाई हटाइदिए।
7


यद्यपि त्यहाँका मानिसहरूलाई धैरै कुरा थाह थिएन तर यषैयाले तिनीहरूलाई सबै कुरा बताइदिए।
एकदिन, नसुतिरहेको समय सपना देखिरहेको एउटा दर्षन तिनले देखे। कस्तो महिमित अनि पवित्र परमप्रभु हो भनी तिनले देखे।
8


''कसलाई म पठाऊ?'' भनी परमप्रभुले दर्षनमा सोधे तब ''म यहाँ छु, मलाई पठाउनुहोस्'' भनी यषैयाले भने। तिनले जहाँ पनि अनि जे पनि परमप्रभुको लागि गर्नचाहन्थे।
9


हुनसक्छ यषैयाले सोचे कि परमप्रभुले मलाई टाड़ा मानिसहरूमाझ जसले परमेष्वरको विशयमा सुनेका छैनन् तिनीहरूकहाँ पठाउँछ तर होइन परमप्रभुले त्यो गर्न भएन्। परमप्रभुले यषैयालाई तिनकै देषमा तिनीहरूका मानिसहरूलाई भन भनी भन्नुभयो।
तिनले तिनीहरूलाई भने कि परमप्रभु तिनीहरूका पापदेखि रिसाएको छ।
10


त्यहाँ अरू अझै कुरू यषैयाले भने कि एक व्यक्तिको अचम्भको कुरा विशयमा जसले छुटकारा अनि षत्रु र तिनीहरूको सबै पापलाई बचाउन आउनुहुन्छ। यहूदी मानिसहरूले तिनलाई ''मसिही'' भन्नेछन्। तिनीहरूले परमेष्वरलाई मसिही पठाइदिनुहोस् भनी चाहना गरेका थिए अनि हामी बसेका मानिसहरूकहाँ आउन सक्तैन्।
11


मसिहीको विशयमा सबै कुरा तिनको पुस्तकमा लेखिएको छ। ती सबै कुराहरू सय वर्श अघि नै लेखिएको थियो अनि यषैयाले भनेका मसिहीको विशयमा सबै साँच्चै हुनआए।
12


परमेष्वरले स्वंयले एउटा चिन्ह दिनुहुनेछ भनी यषैयाले भने। तिनले भने, ''हेर, कन्या गर्भवती हुनेछ, र त्यसले
एउटा छोरा जन्माउनेछ र उनको नाउँ इम्मानुएल राखिनेछ।'' मानिसहरूले बुझे कि यषैयाले परमेष्वरको मसिहीको विशयमा भरिरहेको
छ कारण एक कन्याले हनसक्तैन अनि बालक पनि छ। इम्मानुएलको अर्थ परमेष्वर हामीहरूसंग।
13


''किनभने हाम्रा निम्ति एउटा पुत्र दिइएको छ। षासन उहाँको हातमा हुनेछ। उहाँको नाउँ उदेकका युद्धि निकाल्नुहुने, पराक्रमी परमेष्वर, सनातनका पिता, षान्तिका राजकुमार कहलाइनेछ।'' यषैयालाई थाह थियो कि परमप्रभुले गर्नुभएको प्रतिज्ञा पूरा हुन्छ। उनले भनेका कुरा पहिल्यै पूरा भइसकेको थियो, यसलाई अगमवाणी भनिन्छ।
14

यषैयाले भने कि मसिही महान् अनि महान् कार्य गर्न आउनुहुन्छ। परमप्रभुले यषैयालाई भने कि मानिसहरूलाई भन किंनकि मसिही जसले दुःख सहनेछ अनि मृत्यु हुनेछ। यषैया छक्क परे कि कस्तो मसिही महान्, षक्ति अनि कमजोर र घायल तर यषैयाले परमप्रभुसंग तर्क गरेनन्। उनले वारम्वार त्यही भने जे परमप्रभुले भनेका थिए। परमप्रभुले तिनको अगमवाणी पूरा गर्नुभए।



15

महिसी आए तर यहूदी मानिसहरूको लागि मात्र होइन। परमप्रभुले यषैयालाई भने कि मसिही "अविष्वासीको लागि एउटा ज्योति हो।" अविष्वासी भनेको संसारका मानिसहरू जो यहूदीहरू होइनन्। परमेष्वरले सबैलाई प्रेम गर्नुहुन्छ अनि उहाँको मसिही, सबैलाई आषिश दिन अनि पृथ्वीको अन्तसम्मै मुक्ति दिन आउनेहुनेछ।



16

यषैयाले भविश्य देख्छ

**परमेश्वरको वचन बाइबलबाट लिइएको कथा**

**जुन**

यषैया 1, 6, 7, 9, 53

**"तपाईंका वचनको व्याख्याले ज्योति प्रदान गर्छ।"**

**भजनसंग्रह ११९:१३०**

17




27

60

18

बाइबलको यो कथाले हाम्रा अद्भूत परमेश्वरको बारेमा बताउँदछ जसले हामीलाई बनाउनुभयो। तिमीले उहाँलाई चिन भन्ने उहाँ चाहनुहुन्छ।

हामीले खराब कामहरू गरेका छौं भन्ने परमेश्वर जान्नुहुन्छ जसलाई उहाँ पाप भन्नुहुन्छ। पापको सजाय मृत्यु हो, तर परमेश्वरले तिमीलाई यति धेरै प्रेम गर्नुहुन्छ कि तिम्रा पापको निम्ति क्रूसमा मरेर सजाय भोग्न उहाँले आफ्ना एकमात्र पुत्र येशूलाई पठाउनुभयो। त्यसपछि प्रभु येशू फेरि जीवित हुनुभयो र स्वर्गको आफ्नो घरमा जानुभयो १ यदि तिमीले प्रभु येशूमा विश्वास गर्‍यौ र तिम्रा पापहरू क्षमा गरिदिन उहाँसँग बिन्ती गर्‍यौ भने उहाँले तिमीलाई क्षमा गर्नुहुनेछ १ अनि उहाँ तिमीभित्र आएर वास गर्नुहुन्छ र तिमी सधैंभरि उहाँसँगै बस्नेछौ।

यदि तिमी यो कुरा साँचो हो भनी विश्वास गर्छौ भने परमेश्वरलाई यसो भनः
प्यारो प्रभु येशू, तपाईं परमेश्वर हुनुहुन्छ, मेरा पापहरूको निम्ति मर्न तपाईं मानिस बन्नुभयो र अहिले फेरि जीवित हुनुभएको छ भनी म विश्वास गर्दछु। कृपा गरी मेरो जीवनमा आउनुहोस् र मेरा पापहरू क्षमा गर्नुहोस् ताकि मैले अहिले नयाँ जीवन पाउन र सधैंभरि तपाईंसँग बस्न सकूँ। तपाईंको आज्ञा पालन गर्न र तपाईंको सन्तान भएर तपाईंको निम्ति जिउन मलाई सहायता गर्नुहोस्। आमेन।

दिनहुँ बाइबल पढ र परमेश्वरसँग कुराकानी गर १ यूहन्ना ३:१६

19